लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्या: २०८०/८१

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२४ गते)

यस केन्द्रको आ.व. २०८०/८१ को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/११/०९ गते) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८०यस केन्द्रको सूचना पाटीतथा वेबसाइट (akcbanke.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८१५३०२२५/०८१५३००२७, बागवानी विकास अधिकृत श्री राम प्रकाश यादव (९८४५४३४५५७) वा प्रा .स. श्री प्रेम बहादुर वली (९८५८०२५२४०) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिंगा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | बगर खेति प्रवर्द्धन कार्यक्रम | • उत्पादन सामाग्रीहरु, सीचाईका लागि आवश्यक सामग्राहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन तथा बजारीकरण सामग्रीहरु | • कृषक/फर्म/कम्पनि/कृषक समुह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकररूपमा कम्तीमा १५ कठ्ठा वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेति गर्नुपर्ने । | बाँके जिल्ला भर | • कुल लागतको अधिकतम ७५ प्रतिशत वा प्रति कठ्ठा अधिकतम रू ५०००/- अनुदान । |

२०८०/१०/२४
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्या: २०८०/८१

<table>
<tr><td>२.</td><td>बाली बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (आँप)</td><td>• बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग<br>• क्षमता अभिवृद्धि</td><td>• कृषक/फर्म/कम्पनि/कृषक समुह/सहकारी सहभागी हुन सक्ने<br>• देहाय बमोजिम मापदण्ड अनुसार क्लस्टर बनाई क्षेत्रफल बिस्तार गर्नुपर्ने<table><tr><td>क.स.</td><td>बाली</td><td>क्षेत्रफल(हे.)/क्लस्टर संख्या</td></tr><tr><td>१</td><td>आँप</td><td>१० हे. (बढीमा ५ क्लस्टर)</td></tr></table></td><td>बाँके जिल्ला भर</td><td>• कार्यालयले बीउ/बिरुवा खरिद गरी शतप्रतिशत सहयोग उपलब्ध गराउने</td></tr>
<tr><td>३</td><td>हिंउदे/वर्षे फलफूल विरूवा वितरण</td><td>• कार्यालयले विभिन्न जातका/वर्णशङ्कर फलफूल विरूवा खरिद, ढुवानी र वितरण<br>• रेखाङ्कनमा सहयोग<br>• बगैचा व्यवस्थापनका लागि कार्यालयबाट प्रविधिक सेवा सहयोग</td><td>• उन्नत/वर्णशङ्कर जातको फलफूल विरूवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैचा स्थापना गर्न इच्छुक कृषक/कृषक समूह/सहकारी/उद्यमी हुनु पर्ने<br>• समूहिक वा एकल रूपमा एउटै चक्लामा बगैचा स्थापना गर्नु पर्ने ।<br>• एक चक्लामा कम्तीमा ५ कठ्ठामा लगाउनु पर्ने ।</td><td>बाँके जिल्ला भर</td><td>• कार्यालयले लागत अनुमान स्वीकृत गरी संचालन गर्ने ।<br>• विनियोजित बजेको परिधिमा रही शतप्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउने</td></tr>
<tr><td>४</td><td>फलफूल बगैचा सुदृढीकरण</td><td>• बगैचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरिद<br>• फल कुहाउने औंसा (फ्रूट फलइ) को लागि ल्यूर र पासो, विषादी, एप्रोन, पन्जा, मास्क आदि खरिद ।</td><td>• कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैचाको छनौट गरी कार्यक्रम संचालन गर्ने ।<br>• कम्तीमा फलफूल ०.५ हेक्टरमा संचालन हुनुपर्ने ।<br>• कार्यालयले फलफूल बगैचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि संचालन गर्नुपर्ने ।</td><td>बाँके जिल्ला भर</td><td>• कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी प्रति कार्यक्रम अधिकतम रू ५० हजार खर्च गर्ने सक्ने ।</td></tr>
</table>

निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्याः २०८०/८१

<u>संलग्न गर्नुपर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन (अनुसूचि ३५ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (कृषक/फर्म/कम्पनि/कृषक समुह/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि तथा बैंक खाताको चेक।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३७ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको तिरो तिरेको रसिद।
६. सम्बन्धित स्थानीयतहको सिफारिस पत्र।
७. कार्यक्रममा सहभागी हुन तथा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमानतथा नक्सा ।
१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपिवा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

२०८०/१०/२४
शकील अहमद
निमित्त कार्यालय प्रमुख